जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९
पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

## प्रेस विज्ञप्ति

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

बागमती एक्सप्रेस साप्ताहिकका प्रकाशक रमेश बञ्जरा (इन्द्र) र सोही पत्रिकाका स्तम्भकार रामकुमार रिजाल (एलन) माथि ०७९ मङ्सिर १८ गते भएको साङ्घातिक आक्रमणको घटना प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । समाचार लेखेकै आधारमा पत्रकारद्वयमाथि भएको घटनाको दोषी उपर कानुनी कारबाहीको लागि इन्सेक सम्बन्धित पक्षलाई कारबाहीको दायरामा ल्याउन जोडदार माग गर्दछ ।

जनताको सूसुचित हुन पाउने सम्वैधानिक हक पूर्ण रूपमा सुरक्षित हुनुपर्ने र प्रकाशन भएको समाचारमा चित्त नबुझे त्यस उपर सम्बन्धित निकायमा उजुरी गर्ने लगायतका कानूनी बाटाहरू हुँदाहुँदै पनि आपसी विवाद निकालेर मानव अधिकार रक्षकका संवाहक सञ्चारकर्मीमाथि भएको यस घटनाले हामीलाई दुखि: दुल्याएको छ ।

मानव अधिकार रक्षकमाथि हुने कुनै पनि घटनाको सुरक्षाको प्रत्याभूति गर्ने दायित्व सरकारको हुने विषयमा इन्सेकले विगत डेढ दशकदेखि आवाज उठाउँदै आएको स्मरण गर्न चाहान्छौं ।

मानव अधिकार रक्षकको अधिकार संरक्षण र प्रवर्धनका लागि २०६८ सालमै राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार निर्देशिका जारी गरिसकेको र नेपाल सरकारको तर्फबाट २०७७ सालमा मानव अधिकार रक्षकसम्बन्धी गृह मन्त्रालयबाट ऐन बने पनि प्रभावकारी कार्यान्वयन नहुँदा अझै पनि यस प्रकारका घटना दोहरिने गरेको छ ।
तसर्थ मानव अधिकार रक्षक माथि हुने गरेका जुनसुकै घटनाका दोषीलाई यो वा त्यो कारण देखाएर उन्मुक्ति दिने कार्य नहोस् भन्नेमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

अन्त्यमा पीडितद्वयको निशुल्क उपचारको व्यवस्था गर्न र पुन: हुने सक्ने आक्रमणबाट संरक्षण तथा घटनामा संलग्नलाई कारबाहीको दायरामा ल्याउन जोडदार माग गर्दछौं ।

.........................
गणेश भण्डारी
संयोजक
०७९ मङ्सिर २० गते

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
बागमती प्रदेश कार्यालय, हेटौंडा
हेटौंडा उपमहानगरपालिका -२, संगमचोक, बासुदेव मार्ग
फोन: ०५७-५९०५५२
Email: hetauda@insec.org.np
Website: www.insec.org.np, www.inseconline.org